सुनछहरी गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनको बैठकमा मिति
२०८२ साल  असार ८ गते  आइतबार
गाउँकार्यपालिका उपाध्यक्ष  श्री ननकला घर्ती ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०८२/०८३  को
# बजेट वक्तव्य

सुनछहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोवाङ,रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

गाउँसभाका सभाध्यक्ष महोदय,

यस गाउँसभाको अठारौं अधिवेशनमा गाउँकार्यपालिकाको उपाध्यक्षको हैसियतले आगामी आ.व. २०८२।८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

आर्थिक वर्ष २०८२।८३ को बजेट प्रस्तुत गरिरहँदा म सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना लागि समय- समयमा भएका राजनीतिक आन्दोलनहरु, महान जनयुद्व, जन-आन्दोलन, विभिन्न समयमा भएका क्रान्तिहरु तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात- अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै घाइते आपांग र बेपत्ता नागरिकहरुलाई उहाँहरुले दिएको योगदानको उच्च प्रशंसा गर्दछु । लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली स्थापना गरी प्रत्यक्ष लोकतन्त्रको अनुभुति हुने स्वायत्त स्थानीय शासनको स्थापना गर्नमा हरेक तह र तप्काबाट योगदान दिनुहुने आम सुनछहरी बासी आमा, बुबा, दाजुभाइ ,दिदी, बहिनीहरु सम्पूर्णमा नमन गर्न चाहन्छु ।

यस गरिमामय सभामा उपस्थित आमन्त्रित अतिथि गणहरु, पत्रकार, सुरक्षाकर्मी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण सुनछहरी बासी आमा, बुवा, दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहन्छु । राज्यको सीमित स्रोत साधनको समुचित उपयोगबाट निरन्तर अगाडि बढ्दै विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मूल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास मार्फत स्थानीय सरकार प्राप्तिको अनुभुति नागरिकलाई गराउनु नै सुनछहरी गाउँपालिकाको प्रमुख जिम्मेवारी हो । यद्यपि भौगोलिक असहजता, गरिबी, अभाव, घरेलु हिंसा, अशिक्षा जस्ता थुप्रै समस्याहरु हुँदाहुँदै पनि प्राकृतिक सौन्दर्यता, विविधता र पछिल्लो समयमा देखिएको विकासक्रमले सकारात्मक सन्देश दिएको अवस्था छ । आगामी आ.व.को बजेटलाई आत्मनिर्भर तथा समृद्व सुनछहरी गाउँपालिका निर्माणको लागि कोशेढुङ्गा सावित हुने बजेटको रूपमा मैले लिएको छु ।

गाउँसभाका सभाध्यक्ष महोदय,

अव म चालू आर्थिक बर्ष २०८१।८२ को बजेट कार्यन्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

मुलुकमा बढ्दै गएको आर्थिक सङ्कटका कारण खुम्चिँदै गएको अर्थतन्त्रका कारण सङ्घीय राजश्व लक्ष्य अनुसार प्रगति हुन नसकेकोले सङ्घबाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताको रकम २६% ले कमी हुन आइ गाउँपालिकाका योजना तथा कार्यक्रमहरू कार्यान्वयन र भुक्तानीमा समस्या भएको अवस्था छ । गाउँपालिकाको आन्तरिक स्रोत बलियो र पर्याप्त नभएको स्थितिमा चालू आ व का योजना तथा कार्यक्रमहरू कार्यन्वयन गर्न निकै चुनौतीपूर्ण हुने देखिन्छ ।

चालु आ.व. २०८१/८२ को अन्ततिर आउँदै गर्दा कुल विनियोजित बजेट ४२ करोड ४६ लाख ३२ हजार ९ सय २ मध्ये ६२ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । यस आ व मा भएका मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरु देहायबमोजिम रहेका छन्

- भौतिक पूर्वाधार तर्फ पखेर डम्फु सड्क निर्माण, पोवाङ्ग पालिका खेलमैदान सड्क, खुर्सानीबारी-गाजा-बाहिरीगाम सड्क, बासादुङ-थनबाङ सम्म ग्रामीण सड्क, नात्गा साकिना सड्क स्तरोन्नति लगायतका सड्कहरु पालिकाको लाइफलाइनका रुपमा अगाडि बढेका छन्, भने वडा नं ६ को कार्यालय भवन निर्माण सम्पन्न भएको छ ।
- शैक्षिक पूर्वाधार तर्फ नेरामावि फगाम, देविमन्दिर मावि पोवाङ्, डाङ्गाधारा आवि घिच्या, सिद्ध आवि झिंजा को भवन निर्माण सम्पन्न भएका छन ।
- पर्यटन पूर्वाधार तर्फ विवाङ दहको संरक्षण, बजुधुरी गणतन्त्र पार्क निर्माणको सुरुवात साथै सुनछहरी झरनामा पार्क व्यवस्थापन को काम सुरु भएका छन् ।
- गाउँपालिकाको ५ शैया अस्पतालको भवन निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिला बालबालिका तथा जेष्ठ नागरिक, सहकारी, न्यायिक समिति तथा उद्यम विकासका क्षेत्रमा महत्वपूर्ण सुधार हुने कार्यक्रम तथा सीप विकासका तालिमहरु सम्पन्न भएका छन् ।
- विपद् हाम्रो गाउँपालिकाको एउटा प्रमुख सङ्कट हो चटयाङ्ग, पहिरो र आगलागी पीडित १५ जना लाभग्राहीलाई आर्थिक राहत प्रदान गरिएको छ ।
- यस चालु आ.व. मा राजस्व लक्ष्य ५० लाख राखिएकोमा हालसम्म ११% ले बढेर ५५ लाख ७३ हजार १ सय ४० पुगेको छ । चालु आ.व. को केही दिनहरु अझै बाँकी रहेकोले यो अझै बढ्ने देखिन्छ ।

गाउँसभाका सभाध्यक्ष महोदय,

विश्वव्यापी आर्थिक परिदृश्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई स्थानीय अर्थतन्त्र समेत दबाबको स्थितिमा रहेको छ । हाम्रो गाउँपालिकाको दिगो र भरपर्दा आर्थिक स्रोतहरु नभएकोले गर्दा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान र राजश्वबाट बजेट बिनियोजन गर्नुपरेको अबस्था छ । सुनछहरी गाउँपालिका भौगोलिक रुपमा विकट, आर्थिक तथा सामाजिक रुपमा पछाडि र विकासको दृष्टिकोणले विस्तारै गुणात्मक फड्को लिइरहेको छ । यस स्थितिमा प्राप्त स्रोत र गाउँपालिकाको सामाजिक न्याय र समानता सहितको विकास ब्यबस्थापन गरी मानव संशाधन विकासमा गुणात्मकता हासिल गर्नु हाम्रो लागि चुनौतीको रुपमा रहेको छ ।

आगामी आर्थिक बर्ष २०८२/०८३ मा मुलुकको अर्थतन्त्रमा गुणात्मक सुधार आइ गाउँपालिकाको आर्थिक विकासमा समेत थप अवसर सिर्जना हुने आशा लिएको छु ।

सभाध्यक्ष महोदय,

माथि उल्लिखित चुनौती र अवसरलाई मनन गर्दै "सुनौलो र सभ्य सुनछहरी, आत्मनिर्भर सुनछहरी" को सपना साकार पार्न आगामी आर्थिक वर्ष २०८२/०८३ का बजेटका पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच आर्थिक सुधारका रणनीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेटका पाँच उद्देश्य देहाय बमोजिम रहेका छन्-

(१) उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,

(२) मानव संशाधनको विकास गर्नु,

(३) उपलब्ध स्रोत साधनको परिचालन मार्फत आर्थिक असमानता र गरीबी तथा बेरोजगारी न्यूनीकरण गर्नु,

(४) विकासमा समन्वय र सहकार्य मार्फत दिगो एवं गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्नु,

(५) सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्नु,

बजेटका पाँच प्राथमिकता देहाय बमोजिम तय गरेको छु:-

(१) कृषि क्षेत्रको रुपान्तरण र व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन आर्थिक विकास,

(२) शिक्षा र स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,

(३) गुणस्तरीय, दिगो र वातावरणमैत्री पूर्वाधार निर्माण,

(४) वातावरण संरक्षण र विपद व्यवस्थापन,

(५) सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहमा सुधार,

अब म आर्थिक सुधारका पाँच रणनिति प्रस्तुत् गर्दछु:-

(१) आर्थिक विकासका क्षेत्रहरु कृषि, पशु, लघु उद्यम र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्दै नागरिकको आय तथा रोजगारीमा अभिवृद्धि गर्ने ।

(२) गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रको विकासका लागि स्रोत र साधनको अधिकतम परिचालन मार्फत मानव संशाधन विकास गर्ने ।

(३) असमानता, विभेद र शोषणमुक्त समावेशी समाज निर्माण गर्न सहभागितामूलक शासन प्रणाली अवलम्बन गर्ने ।

(४) सन्तुलित र समावेशी विकास पद्दति अवलम्बन गर्ने ।

(५) सार्वजनिक प्रशासनको सुधार र सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम् प्रयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने ।

गाउँसभाका सभाध्यक्ष महोदय,

बजेटले लिएका उद्देश्य, प्राथमिकता र रणनीतिहरु हासिल गर्न देहाय बमोजिमका सुधारका प्रस्तावहरु पेश गर्ने अनुमति चाहन्छुः-

(१) आर्थिक बर्ष २०८२/०८३ को बजेट कार्यन्वयन योजना साउन मसान्तभित्रै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ ।

(२) अन्तरसरकारी वित्त हस्तान्तरणमा तोकिए बमोजिम अनुदान प्राप्त गर्नका लागि संघ तथा प्रदेशसँग समन्वय गरिनेछ भने गाउँपालिकाको आन्तरिक श्रोतलाई प्रभावकारी रुपमा परिचालन तथा उपयोग गर्ने पद्धति अवलम्बन गरिनेछ ।

(३) गाउँपालिका र वडाका कार्यक्रमहरु, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सार्वजनिक भवन र स्थलमा गरिनेछ । साथै इन्धन तथा कार्यालय सम्बन्धी सामान र प्रशासनिक खर्च मितव्ययी तथा मापदण्डमा आधारित बनाइनेछ ।

(४) बजेट तथा कार्यक्रम कार्यन्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण उपलब्ध गराइनेछ ।

गाउँसभाका सभाध्यक्ष महोदय,
अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य- मुख्य क्षेत्रगत कार्यक्रम र व्यय अनुमान विवरण प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

<u>कृषि तथा पशुपन्छी विकास</u>

परम्परागत कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न कृषि तथा पशु विकासमा आधारित साना किसान साझेदारी विकास परियोजना हेफर नेपाल र गाउँपालिकाको बीचमा साढे २

बर्षको लागि  भएको सम्झौता २०८२ असार मसान्तमै सकिने छ यद्यपि कृषि तथा पशुमा उत्पादन र उत्पादकत्व बढाउदै कृषकहरुलाई आत्मनिर्भर गराउने चुनौति हामीसँग रहेको छ यसकारण परियोजनाको नाम र कार्यान्वयन प्रक्रियामा संशोधन सहित हेफर नेपाल र गाउँपालिकासँग सम्झौता नविकरणका लागि आवश्यक पहल गरिनेछ  । सम्झौता पश्चात कार्यक्रम कार्यान्वयनका लागि साझेदारी रकम रु १ करोड विनियोजन गरेको छु ।

संघीय सशर्त अन्तर्गत कृषि तथा पशुपालन क्षेत्रमा व्यावसायिकता बढाउने विभिन्न कार्यक्रमहरुमा रु ४५ लाख विनियोजन गरेको छु । भने गाउँपालिकाबाट कृषि तथा पशु शाखाको लागि रु १५/१५ लाख विनियोजन गरेको छु । उत्पादनमा आधारित कृषक प्रोत्साहन अनुदान दिन रु ८ लाख विनियोजन गरेको छु ।

<u>लघु उद्यम र पर्यटन</u>

लघु उद्यम कार्यक्रम मार्फत युवाहरुमा सीप विकास र व्यावसायिकताको प्रवर्द्धन गर्नको लागि सशर्त अनुदानतर्फ रु १४ लाख  र  गाउँपालिकाबाट रु १० लाख गरी रु २४ लाख बिनियोजन  गरेको छु ।

वातावरणीय सुन्दरता हाम्रो गाउँपालिकाको लागि एक सकारात्मक पक्ष हो यसकारण पर्यटन पर्वद्धन गर्न रु.१० लाख विनियोजन गरेको छु ।

<u>सहकारी, श्रम तथा रोजगारी</u>

रोजगार आयोजना सञ्चालनको लागि ज्याला वापत ३० लाख ७२ हजार बिनियोजन गरेको छु ।

वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको लागि उद्यमशीलता तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

सहकारी सम्बन्धी तालिम प्रशिक्षण तथा सहकारी संस्थाहरुको सघन अनुगमन, निरीक्षण तथा मूल्याङ्कनका लागि रु ४ लाख बिनियोजन गरेको छु ।

<u>शिक्षा तथा खेलकुद</u>

गाउँपालिकाको साझेदारीमा विद्यालय भवनहरु निर्माण गर्नको लागि संघीय सरकारो सशर्त पूँजीगत अनुदान रु. १ करोड २० लाख बजेट बिनियोजन गरेको छु ।

विज्ञान प्रयोगशाला, विद्यालयमा पुस्तकालय स्थापना र अन्य सार्वजनिक सम्पतिहरुको निर्माण तथा मर्मत सम्भारका लागि आवश्यक बजेट ब्यबस्था मिलाएको छु ।

आधारभूत तहको दरबन्दीमा कार्यरत स्थायी, राहत शिक्षकका लागि तलब व्यवस्थापन गर्न ४ करोड ८७ लाख र गाउँपालिका अनुदान शिक्षकको लागि रु १ करोड ८० लाख व्यवस्था गरेको छु ।

माध्यमिक तह (९-१०) र आधारभूत तह (६-८) मा अंग्रेजी, गणित र विज्ञान बिषयमा अनुदानमा शिक्षक ब्यबस्था गर्नका लागि रु १ करोड ८३ लाख ९४ हजार बिनियोजन गरेको छु । बाल विकास सहकर्ता र बिद्यालय कर्मचारी व्यवस्थापनका लागि १ करोड १ लाख १३ हजार विनियोजन गरेको छु ।

सार्वजनिक विद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउनका लागि रु ३४ लाख ५७ हजार बजेट ब्यबस्था मिलाएको छु ।

कक्षा १-६ सम्मका वालबालिकाहरुका लागि दिवा खाजा ब्यबस्थापन गर्न रु १ करोड ९ लाख ७६ हजार बिनियोजन गरेको छु । यसबाट वालबालिकाहरु नियमित विद्यालयमा आउने र पोषण स्वास्थ्यमा सुधार भई सिकाइ अभिवृद्धि हुने विश्वास लिएको छु ।

सामुदायिक विद्यालयमा कक्षा १-१० सम्मको अर्धवार्षिक तथा वार्षिक परीक्षा सञ्चालन तथा ब्यबस्थापन गर्नका लागि रु १७ लाख बिनियोजन गरेको छु ।

कक्षा १-८ सम्मका छात्राहरु र दलित छात्राछात्रहरुलाई दिँदै आएको छात्रवृतिलाई निरन्तरता दिएको छ ।

पशु प्राविधिक शिक्षा तर्फ प्रत्येक वडाका २ जना का दरले १४ र विपन्न दलित समुदायबाट २ जना गरी १६ जना विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउन रु ६ लाख ४० हजार बजेट बिनियोजन गरेको छ ।

विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा ब्यबस्थापन गर्न रु १२ लाख ५० हजार बजेट बिनियोजन गरेको छ ।

कक्षा ६-८ को स्थानीय मगरखाम भाषाको पाठ्पस्तक निर्माणको लागि रु १० लाख र कक्षा १-८ को पाठ्यपुस्तक छपाइका लागि रु १५ लाख विनियोजन गरेको छ ।

सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत वालिकाहरुलाई लक्षित गर्दै महिनावारीको समयमा प्रयोग गरिने स्यानिटरी प्याडको ब्यबस्था गर्न रु १० लाख ५६ हजार बजेट बिनियोजन गरेको छ ।

शैक्षिक सुधार तथा गुणस्तरीय शिक्षालाई बढवा गर्न सुनछहरी गाउँपालिकाको शैक्षिक गुरुयोजना तयार गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आवश्यक संघीय सशर्त अन्तर्गत रु ८६ लाख ४७ हजार र गाउँपालिकाबाट रु २० लाख बजेट बिनियोजन गरेको छ।

सर्वोस नेपाल संस्थाले नेरामावि सुनछहरी-४ स्युरीमा शैक्षिक सामग्री तथा विद्यालयमा अन्य सहायता उपलब्ध गराउनको लागि संस्थाले पेश गरेको रु ११ लाख ९० हजार रुपैंयाको कार्यक्रमलाई बजेटमा समावेश गरेको छ ।

स्वास्थ्य सरसफाई तथा बहुक्षेत्रीय पोषण

आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच अभिबृद्धि गर्न  उपचारात्मक, प्रबर्द्धनात्मक र निरोधात्मक कार्यक्रमहरु सञ्चालन गर्नको लागि संघीय सशर्त अनुदानबाट कार्यन्वन्यन हुने गरी आबश्यक बजेट बिनियोजन गरेको छु । स्वास्थ्य सेवामा कार्यरत स्थायी दरबन्दिका कर्मचारीको तलब भत्ताको लागि रु २ करोड ५४ लाख विनियोजन गरेको छु ।

निशुल्क औषधी वितरणका लागि संघीय सरकारबाट रु ११ लाख ७४ हजार र गाउँपालिकाबाट रु १३ लाख गरी रु २४ लाख ३२ हजार बजेट ब्यबस्था गरेको छु ।

गाउँपालिकाको ५ शैयाको अस्पताल निर्माण कार्य भैरहेको र निर्माण सम्पन्न गराउने विषयमा गाउँपालिकाले आवश्यक पहल गरेको छ । आगामी आर्थिक वर्षमा ५ शैया अस्पताल निर्माण सम्पन्न गराउन पालिकावाट रु ५० लाख विनियोजन गरेको छु, भने गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रका लागि रु १८ लाख बजेट विनियोजन गरेको छु ।

असाध्य रोगबाट पीडित नागरिकहरुलाई उपचार सहायताको लागि रु ५ लाख ५० हजार बिनियोजन गरेको छु ।

किशोरी अबस्थाका बालिकाहरुलाई शारीरिक र मानसिक स्वास्थ्य हेरचाह र सजगताका बारेमा जानकारी हासिल गराउन *किशोरीसंग उपाध्यक्ष कार्यक्रमका* लागि रु ४ लाख र विद्यार्थीहरुको आँखा जाँच शिविरको लागि रु ३ लाख बिनियोजन गरेको छु ।

संघीय सशर्त अनुदानबाट कार्यन्वयन हुने गरी स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुको लागि रु १ करोड ९ लाख २६ हजार बजेट बिनियोजन गरेको छु ।

सुनछहरी गाउँपालिकाको स्वास्थ्य सेवाको प्रर्वद्धन गरी स्वास्थ्य क्षेत्रको गुणस्तर अभिवृद्धि गर्नको लागि संघीय विशेष अन्तर्गत रु १ करोड ६५ लाख विनियोजन  गरेको छु ।

वालबालिकाहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउनका साथै बहुक्षेत्रीय पोषण अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरु कार्यन्वयन गर्न  संघीय सरकारबाट रु ३३  लाख गाउँपालिकाबाट रु ६ लाख बिनियोजन गरेको छ ।

यौन तथा प्रजनन स्वास्थ्य र अधिकार  क्षेत्रमा कार्यरत आइपास नेपालको रु ११ लाख ९१ हजार ६ सय २६ बजेट कार्यान्वयन सम्बन्धित साझेदार संस्थाबाट हुने गरी बजेटमा समावेश गरेको छ ।

महिला,बालबालिका तथा ज्येष्ठ नागरिक,सामाजिक सुरक्षा र संरक्षण

जातीय भेदभाव उन्मुलन, बालविवाह न्यूनीकरणका लागि कार्यक्रम, महिलाहरुको सीप विकास , वालबालिका तथा जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणका लागि  महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको लागि रु १० लाख विनियोजन गरेको छ ।

एकल महिला, दलित तथा अति बिपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरुको आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि आबश्यक बजेट बिनियोजन गरेको छ ।

सामाजिक सुरक्षा भत्ता तर्फ संघिय  सरकारबाट प्राप्त हुने रकम रु ९ करोड अनुमान  गरेको छ ।

युवा तथा खेलकुद विकास

युवाहरुको आवश्यकतामा आधारित बहस पैरवी, युवाहरुसँग स्थानीय तह र युवाहरुको लागि सचेतनामूलक तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्न  आवश्यक बजेट बिनियोजन गरेको छ ।

युवा तथा खेलकुद तर्फ सुनछहरी कप प्रतियोगिता निरन्तरता दिनका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

यातायात तथा पूर्वाधार विकास

संघीय समपूरक योजना अन्तर्गत गोङ्वाङ् दवाङ् डाङ्गाधारा सड्क निर्माण को लागि रु १ करोड विनियोजन गरेको छ ।

लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमबाट सरस्वति मावि फिल्ड निर्माण तथा घेराबार सुनछहरी १ का लागि रु १० लाख, जनता आवि बासाडाँडा सुनछहरी -२ का लागि रु १० लाख, लुङ्गमा थान र पोखरी निर्माण योजना सुनछहरी ३ का लागि रु १० लाख, स्युरी राङ्गरी मोटरबाटो निर्माण सुनछहरी-४ १० लाख, रादुङ चिर्कवाङ् मोटरबाटो निर्माण सुनछहरी-५ रु १० लाख, सुनछहरी वडा नं-६ वडाकार्यालय भवन फिल्ड तथा घेराबारका लागि रु १० लाख, र नेराआवि ल्यावाङ् गेटसहित घेरावार सुनछहरी-७ का लागि रु १० लाख बजेट बिनियोजन गरेको छु ।

प्रदेश सरकारको समपुरक योजना तर्फ जुवाङ् कसला जैमा सड्कका लागि रु ४५ लाख र पन्ध्रपले फुस्रे सिरुवाङ बाघतारे सड्क निर्माणको लागि रु ५७ लाख १५ हजार बिनियोजन गरेको छु ।

प्रदेश सरकारको विशेष योजना तर्फ जनसेवा मावि सेरमको ४ कोठे भवन निर्माणको लागि रु २० लाख विनियोजन गरेको छु ।

नेपाल मगर संघ भवन निर्माण सम्पन्न गर्नका लागि २५ लाख, जनसेवा मावि फिल्ड तथा घेरावारका लागि रु १५ लाख, गाउँपालिका प्रशासनिक भवन फिल्ड तथा घेरावार निर्माणका लागि रु १५ लाख, रोलवाङ् मावि जेलवाङ शौचालय निर्माणको लागि रु ८ लाख, जैमा तटबन्धन योजना रु ५ लाख,

त्यसैगरी टङ्वाङ सिडि बाटो निर्माण योजना रु ४ लाख, गाजा बर्गो मोटर बाटो निर्माण रु ५ लाख, जनकल्याण आवि कोठा थप योजना रु ४ लाख, नारवाङ् पोखरा बाटो निर्माण रु १५ लाख, नौलिवाङ् खानेपानी योजना रु २ लाख र नमूना मावि खानेपानी योजना रु ४ लाख विनियोजन गरेको छु ।

गाउँपालिकाभित्रका सडकहरुको नियमित  मर्मत तथा सम्भार तथा स्तरोन्नति गर्नको लागि रु ६० लाख बिनियोजन गरेको छ ।

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने गरी  रु ६ लाख बिनियोजन गरेको छ ।एक  झोलुङ्गे पुल एक संरक्षकको ब्यबस्था गर्न आबश्यक बजेट छुटयाएको छ ।

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम र गाउँपालिकाको साझेदारीमा सञ्चालन हुने आयोजनाहरुमा मुइकाधारा भुलुङ्चुङ् वासा ग्रामीण कृषि सड्क पुनःस्थापना योजना रु. ५० लाख,टंशलकुना वामरी हाम्जा  ग्रामीण कृषि सड्क पुनःस्थापना योजना रु ५० लाख, ६ नं वडा कार्यालय हाङ्वाङ् ग्रामीण कृषि सड्क पुनःस्थापना योजना रु ५० लाख, किम्लेघाट सेरम  ग्रामीण कृषि सड्क पुनःस्थापना योजना रु ५० लाख, पोवाङ् धारा पालिका खेलमैदान  ग्रामीण कृषि सड्क पुनःस्थापना योजना रु ५६ लाख, बाहिरीगाम ठुलोगाउँ रिङ्गरोड  ग्रामीण कृषि सड्क पुनःस्थापना योजना रु ४० लाख,

त्यसैगरी चरिपानी चैतेथान सिंचाइ आयोजना रु २० लाख र गठुलवाङ् सिँचाइ आयोजना रु ३० लाख गरी LISP कार्यक्रमको तर्फबाट २ करोड ४१ लाख र पालिकाको तर्फबाट १ करोड ५ लाख सहित जम्मा ३ करोड ४६ लाख बजेट विनियोजन गरेको छु ।

बातावरण, जलबायु परिवर्तन र विपद् ब्यवस्थापन

विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र पुनः स्थापना तथा पुनर्लाभिका कार्यहरु सञ्चालन तथा ब्यबस्थापन का साथै विपद सामग्री खरीद तथा वितरण गर्नका लागि जम्मा रु १४ लाख बजेट बिनियोजन गरेको छु ।

गाउँपालिकामा जीविकोपार्जन, खानेपानी योजना, जलवायु परिवर्तन अनुकुलन र सुधारिएको चुलो लगायतका कार्यक्रमहरु आइ. एन. एफ. नेपाल रोल्पा शाखाको बजेटबाट  कार्यन्वयन हुने गरी रु ५३ लाख ३० हजार ४ सय ४५ रुपैया बजेटमा समावेश गरेको छु ।

बन, वाताबरण र जलवायु अनुकुलनका कार्यक्रमहरु वडास्तरमा सञ्चालन गर्नको लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छ ।

<u>सार्वजनिक सेवा प्रवाह, सुशासन र संस्थागत विकास</u>

सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार र सुदृढीकरण गर्न गाउँपालिका र वडास्तरको सेवाप्रवाहमा गुणात्मक सुधार ल्याउनको लागि सूचना प्रविधि शाखाका लागि रु १४ लाख बजेट बिनियोजन गरेको छ ।

भष्ट्राचार प्रति शून्य सहनशीलताको नीति अपनाई उत्तरदायी र पारदर्शी सरकारको भावना अनूरुप सुशासनको प्रत्याभूति दिने गरी बजेट कार्यन्वयनको ब्यबस्था मिलाएको छ ।

न्यायिक समितिको परिचालन तथा सञ्चालन गर्नको लागि रु ९ लाख बजेट बिनियोजन गरेको छ ।

जनतासंग स्थानीय सरकारको अवधारणालाई मूर्त रुप दिन जनतासंग रेडियो कार्यक्रमलाई निरन्तरता दिएको छ ।

गाउँपालिका विकास योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन,मूल्याङ्कन र अवलोकन तथा निरीक्षण गर्नका लागि आबश्यक बजेटको ब्यबस्था गरेको छ ।

कार्यालय सञ्चालन र प्रशासनिक क्षेत्रका कार्यहरुको लागि रु ८ करोड ९२ लाख ४६ हजार बजेट बिनियोजन गरेको छ ।

*वडास्तरमा चालू र पूँजीगत सेवा र विकासका योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न रु ३८ लाखका दरले सबै वडाहरुलाई गरी कुल रु २ करोड ६६ लाख बिनियोजन गरेको छु ।*

प्रस्तावित बजेटसँग सम्बन्धित अनुसूचीहरुमा विस्तृतमा समेटेको छ ।

सभाध्यक्ष महोदय,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनको लागि बजेट बिनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यन्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि स्थानीय सञ्चित कोषबाट हुने व्ययभार तर्फ रु ४४ करोड २४ लाख १००० हजार_ बिनियोजन गरेको छु । कुल विनियोजित बजेट मध्ये चालु तर्फ रु ३३ करोड १२ लाख ३७ हजार अर्थात ७४.८७ प्रतिशत र पुंजीगत तर्फ रु ११ करोड ११ लाख ६४ हजार अर्थात २५.१३ प्रतिशत रहेको छ ।

आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये बैंक मौज्दात रु ५० लाख र आन्तरिक राजश्वबाट रु ५५ लाख गरी आन्तरिक श्रोत रु १ करोड ५ लाख, संघबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु १० करोड ५६ लाख , संघबाट प्राप्त हुने समानीकरण अनुदान रु ८ करोड ८ लाख, लुम्बिनी प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु ८८ लाख ३ हजार , लुम्बिनी प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान रु ५० लाख ९८ हजार,संघबाट प्राप्त हुने सशर्त अनुदान चालू तर्फ रु १५ करोड ३९ उनन्चालिस लाख, सशर्त अनुदान पूँजीगत तर्फ रु ३ करोड ६७ लाख,समपूरक अनुदान पूँजीगत रु ८० लाख र बिशेष अनुदान रु १ करोड ६५ लाख साथै लुम्बिनी प्रदेशको सशर्त अनुदान पूँजीगत तर्फ रु ७० लाख, समपूरक अनुदान पूँजीगत तर्फ रु ७५ लाख र लुम्बिनी प्रदेश विशेष तर्फ रु २० लाख प्राप्त हुने अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।

<u>राजश्व परिचालनको नीति तथा कार्यक्रम</u>

राजश्व परामर्श समितिको परामर्श तथा सुझाव र राजश्व सुधार कार्ययोजना प्रतिवेदन २०८१ अनुसार राजश्वका नयाँ क्षेत्रको पहिचान गरी सङ्कलन तथा दायरा विस्तार गर्ने व्यवस्था मिलाएको छ ।

करदाताको कर आफ्नै गाउँपालिकाको सेवा र विकासको लागि हो भन्ने मान्यतालाई आत्मसाथ गर्दै करदाता शिक्षा सञ्चालन गर्ने ब्यवस्था मिलाएको छु ।

स्थानीय तहलाई नेपालको संविधान तथा कानूनबमोजिम प्राप्त कर अधिकारका क्षेत्रहरुमा कर असुली गर्ने ब्यबस्था मिलाएको छु ।

गाउँपालिका र वडास्तरमा सङ्कलन भएको कर समयमै सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाएको छु ।

सरकारी खर्चलाई विधिसम्मत र प्रभावकारी बनाई बेरुजु कायम नहुने गरी कार्यसम्पादन गर्न खर्च प्रणालीमा सुधार गर्ने र बेरुजु फछ्यौंट कार्यलाई अभियानका रुपमा सञ्चालन गरिने ब्यबस्था मिलाएको छु ।

पारदर्शी सरकारको अवधारणलाई आत्मसाथ गर्न सरकारका नीति, नियम, कार्यक्रम र सूचना तथा जानकारीहरुलाई सार्वजनिकीकरण गरी प्राप्त पृष्ठपोषणलाई अवलम्बन गरिने व्यवस्था मिलाएको छु ।

आगामी आ.ब.मा कुल आन्तरिक राजश्व ५५ लाख सङ्कलन हुने गरी कर सङ्कलन कार्यलाई प्रभावकारी रुपमा लैजाने ब्यबस्था मिलाएको छु ।

सभाध्यक्ष महोदय,

*"सुनौलो र सभ्य सुनछहरी, आत्मनिर्भर सुनछहरी"* सपनालाई साकार पार्न बजेटले लिएका उद्देश्य तथा प्राथमिकताहरु कार्यन्वयन भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुने विश्वास लिएको छु । बजेट निर्माणको क्रममा सुझाव तथा सल्लाह प्रदान गर्ने राजनीतिक दल, निवर्तमान जनप्रतिनिधिहरु,

राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, साझेदार संघ संस्था, बुद्विजीवी र स्वदेश तथा विदेशमा रहनुहुने आम सुनछहरी गाउँपालिकाबासी सबैलाई हार्दिक आभार र धन्यवाद प्रकट गर्दछु ।

।।।।।धन्यवाद ।।।।

ननकला घर्ती

गाउँपालिका उपाध्यक्ष, सुनछहरी गाउँपालिका रोल्पा